## मिति २०८२ साल असोज ९ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको ४७ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४६ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगति बारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

नेपालीहरुको महान चाड वडा दशैं २०८२ को उपलक्ष्यमा नगरवासी लगायत सबै नेपालीहरुमा मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वका वेला हुन सक्ने अवाञ्छित क्रियाकलापहरु नियन्त्रणका लागि सम्बद्ध सबै पक्ष चनाखो रहने ।

**निर्णय नं. ३**

यही भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको क्रममा सहादत प्राप्त गर्नेहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्नुका साथै आन्दोलनका क्रममा घाइते हुन पुगेका नागरिकहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

**निर्णय नं. ४**

वर्षाका कारण मन्थली नगरपालिका वडा नं. ३ मा रहेको महादेव आवि भवन छेउमा पहिरो आई विद्यालय भवन जोखिममा रहेकाले उक्त पहिरोको प्राविधिक अनुगमन गराई प्राप्त प्रतिवेदनका आधारमा पहिरो रोकथामका कार्य अगाडि वढाउने ।

**निर्णय नं. ५**

संघीय तथा प्रादेशिक सरकारको वित्तीय हस्तान्तरण मार्फत चालु आ.व.मा सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको कार्यान्वयनको सम्बन्धमा थप स्पष्टताका लागि सम्बन्धित निकायहरुमा पत्र मार्फत स्पष्ट जानकारी लिई सो बमोजिम कार्यन्वयनको प्रक्रिया अगाडि वढाउने ।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ६**

मन्थली नगरपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका लागि निःशुल्क रुपमा जग्गा प्रदान गर्ने जगत वहादुर तामाङ्गको पुर्खाको वडा कार्यालय छेउमा रहेको निजकै जग्गामा अर्धकदको शालिक निर्माणका लागि रु २०००००। अक्षेरपी दुई लाख रुपैया उपलब्ध गराउने ।

**निर्णय नं. ७**

तत्कालीइन फुलासी गाविसस्तरीय खुला भलिवल प्रतियोगिता सञ्चालन गर्न रु ७५०००।– अक्षेरपी पचहत्तर हजार रुपैया विस्ली युवा क्लव मनपा १४ लाई उपलब्ध गराउने ।

**निर्णय नं. ८**

मनपा ५ को रणजोर खोला वगरमा रहेको व्यक्तिगत जग्गामा रहेको नदीजन्य पदार्थ, संकलन, उत्खनन र बिक्री प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गराउन पूर्व अनुमति प्राप्त कम्पनी अभिसिद्धि कन्ट्रक्सन प्रा.लि. मनपा १ ले तयार पारी बैठकमा प्रस्तुत गरेको मस्यौदा प्रतिवेदनको प्रस्तुती माथि छलफल गरियो । प्रतिवेदनको प्राविधिक अध्ययन पश्चात लिखित रुपमा सुझाव उपलब्ध गराई सोको आधारमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा कार्यक्रमको घोषणा सभामा भएको खर्चको समीक्षा गरियो । समारोहमा भएका देहाय बमोजिमका खर्च अनुमोदन गरी तपसिलमा उल्लेखित खर्च शिर्षकबाट खर्च लेखी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

**तपसिल**

| सि.नं. | भुक्तानी माग गर्ने संस्था व्यक्ति वा कर्मचारी | खर्चको विवरण | खर्च शिर्षक नं. | रकम रु. |
|---|---|---|---|---|
| १ | सेन्टरपोईन्ट, पियुस प्रिन्टिङ प्रेस, | खादा, माला, प्रमाणपत्रहरु | २२७११ | २१९५४० |
| २ | वडा सचिव वा वडा सहजकर्ता | वडाहरुको यातायात खर्च | २८१४३ | १९७८०० |
| ३ | स्नेहा कोल्ड स्टोर | खाना तथा खाजा खर्च | २२५२९ | १०२७५० |

देवर्षि सापकोटा

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | २२७११ | |
| ४ | तिनलाल पार्क | | २२७११<br>२२५२९ | |
| ५ | ~~[illegible] तिनलाल पार्क~~ | साउण्ड सिस्टम तथा स्टेज तोरण तथा मञ्च सजावट र डोको समेत | २२२३१ | १४९२०० |
| ६ | | टिसर्ट | २५३१५ | २४८६०० |
| ७ | | क्याप | | ७६५००० |
| ८ | सेन्टर पोईन्ट डिजिटल | स्वयंसेवक क्याप | | २५५०० |
| ९ | वडा सचिव वा वडा सहजकर्ता | वडाको खाना खर्च | २२५२९ | ३१२००० |
| १० | मजदुर छापाखाना | मन्थली नगर बालमैत्री स्थानीय शासनको घोषणा प्रतिवेदन | २२३१५ | १२०००० |
| ११ | सेन्टर पोईन्ट डिजिटल | ब्यानर | | १२७२० |
| १२ | गुगल डिजिटल | ब्यानर र फोटो खिचेको चार्ज | | ७२९९० |
| | | जम्मा | | ३१५०८५० |

## खर्च लेखाङ्कन गर्ने खर्च शिर्षक र कार्यक्रम विवरण

| सि.नं. | खर्च शिर्षक नं. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | २२७११ | अतिथि सत्कार खर्च | २१९५४० | योजना किताबको पेज नं ९४ को सि नं ८४ |
| २ | २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | १९७८०० | योजना किताबको पेज नं ९५ को सि नं ९३ |
| ३ | २२५२९ | बिभिन्न बैठकमा चिया खाजा खाना खर्च | २५०००० | योजना किताबको पेज नं ९४ को सि नं ८१ |
| ४ | २२७११ | अतिरिक्त समय तथा सार्बजनिक बिदामा खटिय बापतको खाजा खाना खर्च | ३००००० | योजना किताबको पेज नं ९४ को सि नं ८५ |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | खर्च शिर्षक नं. | कार्यक्रमको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ५ | २२७११ | कार्यपालिका बैठकमा चिया खाजा खाना खर्च | २००००० | योजना किताबको पेज नं ९४ को सि नं ८६ |
| ६ | २२५२९ | प्रमुख उपप्रमुख र प्रप्रअ को विविध खर्च | २७७५०० | योजना किताबको पेज नं ९३ को सि नं ७९ |
| ७ | २२२३१ | निर्मित अन्य सम्पत्तिको संचालन तथा संभार खर्च | १४९२०० | योजना किताबको पेज नं ९१ को सि नं ५४ |
| ८ | २५३१५ | अन्य संस्था सहायता जोसुकै व्यक्ति संस्था तथा कार्यक्रम समेत | १०३९१०० | योजना किताबको पेज नं ९५ को सि नं ९१ र ९२ |
| ९ | २२५२९ | कार्यालयको नियमित चियापान | ३१२००० | योजना किताबको पेज नं ९३ को सि नं ७७ |
| १० | २२३१५ | कार्यालयको बिभिन्न छपाई | २०५७१० | योजना किताबको पेज नं ९२ को सि नं ६१ |
| | | जम्मा | ३१५०८५० | |

२०८२/०६/१०

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत